# प्रदेश सरकार, लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को निर्णय

**२०७८ साल श्रावण २७ गते बुधवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **आन्तरिक मामिला तथा कानून मन्त्रालयः** प्रदेश विपद् व्यवस्थापन कार्य सञ्चालन (दोस्रो संशोधन) निर्देशिका, २०७८ स्वीकृत गर्ने ।

२. **शिक्षा तथा सामाजिक विकास मन्त्रालयः** प्रदेश खेलकुद परिषद्को सदस्यमा लक्ष्मण बुढा मगर (रुकुम पूर्व) लाई मनोनयन गर्ने ।

३. **शिक्षा तथा सामाजिक विकास मन्त्रालयः** महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय अन्तर्गत रहेका साविकका महिला तथा बालबालिका कार्यालयहरु खारेज भई साविक महिला,बालबालिका कार्यालयहरुले प्रयोग गरेका जग्गा तथा भवनहरुको स्वामित्व नेपाल सरकारमै रहने गरी सम्बन्धित प्रदेश सरकारलाई अर्को व्यवस्था नभएसम्मका लागि प्रयोग गर्न दिने भनि नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई महिला,बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले यस प्रदेशको शिक्षा तथा सामाजिक विकास मन्त्रालयलाई सम्झौता गर्नका लागि पत्र मार्फत अनुरोध गरेकोले सम्झौताका लागि शिक्षा तथा सामाजिक विकास मन्त्रालयका सचिव लाई प्रतिनिधि तोक्ने ।

४. **उद्योग, वन तथा वातावरण मन्त्रालयः** आ.व. २०७८/७९ मा उद्योगहरुको दर्ता दस्तुरमा पूर्ण छुट प्रदान गर्ने ।

५. **उद्योग, वन तथा वातावरण मन्त्रालयः** आ.व. २०७८/७९ मा यस मन्त्रालय र मातहतका निकायहरुबाट उपलब्ध गराईने सेवा वापत लिईने शुल्क तथा दस्तुरको दररेटमा स्वीकृति प्रदान गर्ने ।

६. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** आइसोलेसन अस्पतालहरुको अस्थायी दरबन्दी स्वीकृत गरी कार्यरत जनशक्तिहरुको म्याद २०७८ असोज मसान्त सम्म थप गर्ने ।

७. **स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयः** स्वास्थ्यकर्मी लगायतका जनशक्तिका लागि प्रोत्साहन स्वरुप जोखिम भत्ता उपलब्ध गराउने ।